# राजा नृपेन्द्रमल्लको भूमिसम्बन्धी तमसूक ताडपत्र

— श्यामसुन्दर राजवंशी

परिचय:– राष्ट्रिय अभिलेखालयस्थित वट्टा नं.६० पत्र नं ८७८ ने. सं. ७९७ कार्तिक शुक्ल प्रतिपदा तिथिको कान्तिपुरको ताडपत्र तमसूकको लम्वाइ ६० से. मी. (२४ इञ्च), चौडाइ २.२ से.मी. (१ इञ्च) छ। त्यसमा माटोको छाप लागेको छ । उक्त छापमा "श्री श्री नृपेन्द्र-मल्ल देव" र बीचमा खड्ग चिह्न अङ्कित छन् । लेख ३ हरफ छन् । ताडपत्रको अन्तिम भाग टुक्रिएर अक्षर अपूरा भएका छन् ।

मूल पाठ:– (१) स्वस्ति ।। श्री मत्पशुपति चरण कमल धूलि धुसलित शिरोरुह श्रीमन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदीप्यमान मानोन्नत रविकूल तिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकल राज चक्राधिश्वर श्री श्री जय नृपेन्द्रमल्ल परम भट्टालक देवाना सदा समरविजयिना प्रभु टाकुलसन श्रीमत्कान्तिपुल महानग (र)......

(२) मयासिंह नाम्न प्रसादि कृतं स्ठानस्य इसान दीश प्रदेश खशि वाहा वाल वातिका नाम संज्ञकं हाकुख्वार-कस्य वातिकायां पश्चिमत प्रपात सिमायां उत्तरत सते-वावनकस्य वातिकायां पूर्व्वत जकसिंहकस्य वातिकाया दक्षिणत, एतेखा मध्य थ्वते चात्रा घातनदु भूय चूलं २ तत वातिकायां जथा देशकाल प्रवर्तमानं संचाराघेन सुवर्ण्ण...

(३)न विक्रीयतं भवति अत्र पत्रार्थे दृष्ट साक्षि ।। श्री श्री पार्थिवेन्द्रमल्ल देव श्री श्री महीपतेन्द्रमल्ल देवस ।। सम्वत् ७९७ कार्तिक शुदि १ शुभ ।।

भावार्थ:– कल्याण होस् । श्रीमत्पशुपतिनाथको चरण कमलको धूलोले कपाल फुस्रो भएका श्रीमन्माने-श्वरीष्ट देवताको वर प्रसाद पाएका मानमर्यादाले अति उन्नत भएका सूर्यवंशका तिलक भएका हनूमान्को ध्वजा भएका नेपालको महाराजाधिराज राजामध्ये ठूला सबै राज समूहका मालिक भएका श्री श्री जय नृपेन्द्रमल्ल परम भट्टारक देवको सधैं संग्राममा विजय होस् ।

श्री मत कान्तिपुर महानगरको मया सिंहलाई प्रभुठाकुलबाट निगाह भएको स्थान ईशान दिशापट्टि खशिवहावालवाटिका नाम भएको हाकुख्वारको वारीदेखि पश्चिम प्रपात सीमादेखि उत्तर सतेवावनको वारीदेखि पूर्व जकसिंहको वारीदेखि दक्षिण यति चार किल्ला भित्रको २ चुल (आधा रोपनी) अनि देशकालको चलन अनुसार सुनको भाउको मूल्य वमोजिम बेचबिखन भयो ।

यस पत्रको दृष्ट साक्षी श्री श्री पार्थिवेन्द्रमल्ल देव श्री श्री महीपतेन्द्रमल्ल देव छन् । ने. सं. ७९७ कार्तिक शुदि १ शुभ ।

टिप्पणी:– वंशावलीहरूमा उल्लेख भए अनुसार एक थरी वंशावलीमा प्रतापमल्ल जीवित अवस्थामा नै उनका राजकुमारहरू चक्रवर्तीन्द्रमल्ल, नृपेन्द्रमल्ल, पार्थिवेन्द्रमल्ल, महीपतेन्द्रमल्लहरूले, राज्य गरेका र प्रतापमल्ल एक विद्वान् साथै तान्त्रिक विद्यामा आस्था राख्ने हुनाले भारतबाट आएका स्वामी ज्ञानानन्द र

लम्वकर्ण भट्टलाई नेपालमा स्वागत गरी यिनै स्वामी ज्ञानानन्दको उपदेश मानेर यिनले आफ्ना राजकुमारहरू सबैलाई एक एक वर्ष राज्य गर्न दिए भन्ने छ।[1] कुनै वंशावलीमा रानी रूपमतीको अनुगृहले गर्दा प्रतापमल्लले राजकुमारहरूलाई राज्य गर्न दिए भन्ने छ।[2]

प्रतापमल्लले हनूमान् ढोका नजिक ने. सं. ७६० मा शिलास्तम्भ राखेका थिए । उक्त शिलास्तम्भमा राजकुमारहरूको मर्यादाक्रम भूपेन्द्रमल्ल, चक्रवर्तीन्द्रमल्ल, महीपतेन्द्रमल्ल, नृपेन्द्रमल्ल तथा पार्थिवेन्द्रमल्ल क्रमश: यस प्रकार उल्लेख भएको पाइन्छ।[3]

ने. सं. ७८९ को चक्रवर्तीन्द्रमल्लको मुद्रा पाइएको हुनाले यिनी यो बखत राजा भएका थिए[4]। तर यिनको चाँडै मृत्यु भएको हुनाले रानी रूपमतीले अति शोक गरिन्। त्यसैले प्रतापमल्लले चक्रवर्तीन्द्रमल्लको नाममा रानीपोखरी बनाए भन्ने वंशावलीमा लेखिएको पाइन्छ।[5]

शिलालेखमा भूपेन्द्रमल्ललाई महाराजकुमार उपाधिसम्म दिएको पाइन्छ।[6] राजा भएको प्रमाण पाइएको छैन। नेपालको इतिहासमा प्रतापमल्लको मृत्यु ने.सं.७९५ मा भएको थियो भन्ने पाइन्छ।[7] प्रतापमल्लको शेष पछि कान्तिपुरका राजा नृपेन्द्रमल्ल भएको भन्ने कुरा ने. सं. ७९५ को नृपेन्द्रमल्लको मुद्रा पाइएबाट सिद्ध हुन्छ।[8]

यो प्रस्तुत ताडपत्र पनि राजा नृपेन्द्रमल्लको ने. सं. ७९७ कार्तिक शुदि १ को पाइयो। यसबाट नृपेन्द्र मल्लको ने. सं. ७९५ देखि शासन भएको थियो भन्ने स्पष्ट देखिन्छ। उक्त ताडपत्र भूमि बेचबिखन सम्बन्धीको तमसूक हो। यो कान्तिपुर नगरका मर्यासिह भन्ने एक व्यक्ति अथवा भारदारलाई नृपेन्द्र मल्लबाट बक्सेको निगाहको सम्बन्धमा बनेको तमसूक ताडपत्र थियो। यसमा नृपेन्द्रमल्लले पार्थिवेन्द्रमल्ल र महीपतेन्द्रमल्ललाई साक्षीको रूपमा राखेको पाइयो।

प्रतापमल्लको मृत्यु हुँदा तीनजना राजकुमार महीपतेन्द्रमल्ल, नृपेन्द्रमल्ल र पार्थिवेन्द्रमल्ल जीवित थिए भन्ने बुझिन्छ। भूपेन्द्रमल्ल चाहिं प्रतापमल्ल जीवित छँदै मृत्यु भइसकेको अनुमान हुन्छ। शिलालेखमा उल्लेख भए अनुसार नृपेन्द्र मल्ल चौथो राजकुमार थिए। उमेरले मर्यादाक्रम अनुसार सिंहासनका अधिकारी महीपतेन्द्रमल्ल भए तापनि नृपेन्द्रमल्ल राजा भएको पाइयो। वंशावलीमा प्रतापमल्लका शेषपछि महीपतेन्द्रमल्ल साहिंला छोरालाई उत्तराधिकारी घोषणा गरेका थिए। तैपनि प्रतापमल्लको मृत्युपछि नृपेन्द्रमल्ललाई राजा बनाइयो। नृपेन्द्रमल्ललाई राज्याभिषेक दिंदा पाटनका राजा श्रीनिवासमल्ल र भक्तपुरका राजा जितामित्रमल्ल उपस्थित थिए भनी लेखिएको छ।[9] ने. सं. ८०० को पार्थिवेन्द्रमल्लको मुद्रा पाइएबाट यो बेला नृपेन्द्रमल्लको मृत्यु भइसकेको बुझिन्छ।

वंशावलीमा लेखिए अनुसार प्रतापमल्ल जीवित छँदा राजकुमारहरूले एक–एक वर्ष राज्य गरेका थिए भन्ने कुरा गलत देखियो। वास्तवमा चक्रवर्तीन्द्रमल्ल एक सिवाए अर्को राजकुमारले प्रतापमल्ल जीवित छँदा राज्य गर्न पाएको थिएन। प्रतापमल्लको मृत्यु पश्चात् मात्र नृपेन्द्रमल्ल र पार्थिवेन्द्रमल्ल राजा भएको देखिन आउँछ।

## टिप्पणीहरू

१) नेपालको ऐतिहासिक रूपरेखा – बालचन्द्र शर्मा
२) " "
३) नेपालको मध्यकालीन इतिहास – सूर्यविक्रम ज्ञवाली
४) नेपालको ऐतिहासिक रूपरेखा – बालचन्द्र शर्मा
५) " "
६) नेपालको मध्यकालीन इतिहास – सूर्यविक्रम ज्ञवाली
७) " "
८) " "
९) प्राचीन नेपाल, अङ्क १८